"ललितपुरको समृद्धि र सुशासनको आधारः
सम्पदा, संस्कृति सहितको स्मार्ट सेवा र पूर्वाधार"

# ललितपुर महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल।

## ललितपुर महानगरपालिकाको
## निर्माण सम्पन्न भवनको नियमित/अभिलेखीकरण गर्ने सूचना

**पुनः प्रकाशित मितिः २०८२/०४/१५**

मिति २०८२/०३/२९ गतेको ७ औं नगर सभाबाट यस महानगरपालिका भित्र प्रचलित कानून बमोजिम नक्सा स्वीकृत गरी वा नगरि निर्माण भएका तथा स्वीकृत नक्सामा हेरफेर, परिवर्तन वा थपघट गरी निर्माण भएका संरचनाहरुलाई नियमित/अभिलेखीकरण गर्न ६ महिना म्याद थप गर्ने निर्णय भए बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।यहि मिति २०८२/०४/१८ गतेदेखि मिति २०८२/१०/१७ गते कार्यालय समयभित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी Hardcopy-१ सेट सहित विद्युतीय प्रणाली eBPS (www.lsmcebps.gov.np) मार्फत निवेदन पेश गर्नुहुन सूचित गरिन्छ। म्याद नाघेर पेश हुन आएका निवेदन उपर कुनै कारबाही हुने छैन। थप जानकारीको लागि यस महानगरपालिकाको eBPS प्रणाली हेर्नुहुन वा शहरी विकास योजना महाशाखामा सम्पर्क गर्न समेत अनुरोध गरिन्छ ।

**तपसिल**

**भवन नियमित/अभिलेखीकरणका लागि पेश गर्नुपर्ने कागजातहरु**

**प्रारम्भिक चरणमा :**

| | | |
|---|---|---|
| १. | जग्गा धनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपि | १ प्रति |
| २. | चालु आर्थिक वर्षसम्मको घरजग्गा कर तिरेको रसिदको प्रतिलिपि | १ प्रति |
| ३. | नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | १ प्रति |
| ४. | कित्ता नम्बर स्पष्ट भएको नापीको प्रमाणित नक्सा | १ प्रति |
| ५. | इन्जिनियरको नेपाल इन्जिनियरिङ परिषदको प्रमाणपत्रको प्रतिलिपि | १ प्रति |
| ६. | मञ्जुरीनामा लिई भवन अभिलेखीकरण गर्ने भएमा नक्सावालाले सम्बन्धित वडा अध्यक्ष वा तोकिएको सदस्यको रोहवरमा भएको मञ्जुरीनामाको सक्कल | १ प्रति |
| ७. | भवन अभिलेखीकरण हुने जग्गामा पुग्ने बाटो प्रष्ट नभएमा बाटो प्रमाणित हुने गरी वडा कार्यालयको सिफारिस (गुठीको जग्गा भए बाटोको लागि कित्ता काट नहुने तर फिल्डमा बाटो भए गुठी संस्थानको सिफारिस) | १ प्रति |
| ८. | नक्सावाला आफू उपस्थित हुन नसक्ने भएमा एकाघरको व्यक्ति वा कानून बमोजिमको अधिकार प्राप्त व्यक्तिको वारेसनामा र निजको नागरिकताको प्रमाणित प्रतिलिपि | १ प्रति |
| ९. | जग्गाको सक्कल साइट प्लान (Site Plan) | १ प्रति |
| १०. | घरको फोटोहरु (सम्भव भएसम्म चारै दिशाको र घर नम्बर समेत देखिने गरी) | १ प्रति |
| ११. | भवनको सबै तल्लाको कूल क्षेत्रफल खुल्ने Footprint | १ प्रति |
| १२. | साविक गा.वि.स./नगरपालिका हुँदा स्वीकृत नक्शा तथा प्रमाणपत्र (भएको हकमा मात्र) | १ प्रति |
| १३. | भवन नियमित/अभिलेखीकरण ऐन, २०८१ दफा १० अनुसार भवन निर्माण मिति खुल्ने कागजातहरु | १ प्रति |

**संस्थागत भवनको लागि पेश गर्नु पर्ने थप कागजातहरु**

१४. माथि उल्लेखित सबै कागजातहरु संगै तपशिलमा उल्लेखित कागजातहरु

| | |
|---|---|
| क) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि | १ प्रति |
| ख) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि | १ प्रति |
| ग) प्रवन्ध-पत्र तथा नियमावलीको प्रतिलिपि | १ प्रति |
| घ) महानगरपालिकामा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि | १ प्रति |
| ङ) संस्थाको निर्णयको प्रतिलिपी | १ प्रति |